# कोरोना भाइरस कोविड-१९ सम्बन्धी टोकियोका सबैजनामा अनुरोध

○ अहिले कोरोना भाइरस कोविड-१९ लागेकाहरु धेरै छन्। अझ बढ्यो भने खतरा हुन्छ। जोखिम हुन्छ।

○ टोकियोमा संकटकाल समय घोषणा गरेको छ। अहिले ध्यान दिनुपर्ने कुरा "सकभर घरैमा बस्नु" हो। साथै मान्छे भेट्ने, कुराकानी गर्ने जस्ता गतिविधिहरु नगर्नु हो।

○ संकटकालिन समयको घोषणा सबैजनालाई दिनचर्या परिवर्तन गर्नको लागि अनुरोध हो।

**अवधि** फेबवरी ८ तारिख (सोमबार) विहान 0 बजे बाट मार्च ७ तारिख (आईतबार) राति १२ बजे सम्म

## टोकियोवासीहरु — घरमै बस्नुस्

○ सकभर **घरमै बस्नुस्।**
विशेषगरी、**राती ८ बजे पछि बाहिर नजानु होला।**

○ **अति आवश्यक परेको बेलामा मात्र छोटो समयको लागि बाहिर जानु** होला।
अति आवश्यक भन्नाले अस्पताल जाने、खानेकुरा, औषधि, जस्ता जिवनयापनको लागि आवश्यक सामान किनमेल, स्वास्थ्यको लागि व्यायाम वा हिड्न जानु हो।

○ टोकियोबाट बाहिर, **अरु प्रिफेक्चरहरुमा नजानु** होला।

## पसल संचालकहरु — समय छोटो गर्नुस्

लागु गरिएका पसलहरु : **रेस्टुराँ र काराओके** आदि※

पसल खोल्न मिल्ने समय : **विहान ५ बजे बाट बेलुकी ८ बजे सम्म**

(**रक्सी दिन मिल्ने समय : बिहान ११ बजे बाट बेलुकी ७ बजे सम्म**)

※अन्य स्थानहरु :
थिएटर, सिनेमाघर, जमघट स्थल, होटल, व्यायामशाला, संग्रहालय, पुस्तकालय

一般財団法人
東京都つながり創生財団
Tokyo Metropolitan Foundation "TSUNAGARI"